July 09, 2026

यो आकाशवाणी हो।

सुरुमा मुख्य समाचार

1. प्रधानमन्त्री नरेन्द्र मोदी र अस्ट्रेलियाका प्रधानमन्त्री एन्थोनी अल्बानीजले आज मेलबर्नमा तेस्रो / अस्ट्रेलिया-भारत वार्षिक शिखर सम्मेलनमा भाग लिनुभयो। जसको क्रममा दुवै नेताहरुले द्विपक्षीय सम्बन्धलाई सुदृढ पार्ने उद्देश्यले प्रतिनिधिमण्डल-स्तरीय वार्ता गर्नुभयो।

2. उपराष्ट्रपति सीपी राधाकृष्णनले आज भुवनेश्वरस्थित ओडिशा कृषि तथा प्रविधि विश्वविद्यालयमा भारतको उच्च-समुद्री मत्स्यपालन स्रोतहरूको दिगो उपयोगको लागि एक महत्वपूर्ण राष्ट्रीय मिशनको शुभारंभ गर्नुभयो।

3. दक्षिण-पश्चिम मनसुन आज सम्पूर्ण देशमा सक्रिय भएको छ। राजस्थान, हरियाणा, पञ्जाब र उत्तरी अरब सागरका बाँकी भागहरूमा पनि मनसुन अगाडि बढेको छ।

4. भारत र इंगलैंड बीच पांच T-20 क्रिकेट मैच श्रृंखलाको चौथो मुकाबिला आज ब्रिस्टलमा खेलिने छ। भारतीय समय अनुसार Match राति 10 बजे शुरु हुनेछ । र

**5. फिफा विश्वकपमा, फ्रान्सले आज बोस्टनमा अबेर राति हुने पहिलो क्वार्टरफाइनलमा मोरक्कोको सामना गर्नेछ। भोलि राति दोस्रो क्वार्टरफाइनल खेलमा स्पेनले बेल्जियमको सामना गर्नेछ ।**

-------

**अस्ट्रेलिया-भारत संयुक्त घोषणापत्र**

प्रधानमन्त्री नरेन्द्र मोदी र अस्ट्रेलियाका प्रधानमन्त्री एन्थोनी अल्बानीजले आज मेलबर्नमा तेस्रो अस्ट्रेलिया-भारत वार्षिक शिखर सम्मेलनमा भाग लिनुभयो, जसको क्रममा दुवै नेताहरुले द्विपक्षीय सम्बन्धलाई सुदृढ पार्ने उद्देश्यले प्रतिनिधिमण्डल-स्तरीय वार्ता गर्नुभयो।

शिखर सम्मेलनको समापनपछि दुवै प्रधानमन्त्रीले भिक्टोरियाको गभर्नमेन्ट हाउसमा संयुक्त वक्तव्य जारी गर्नुभयो। हिंद-प्रशांत क्षेत्रमा शान्ति र स्थिरता सुनिश्चित गर्न, नेताहरूले रक्षा र सुरक्षा सहयोगमा ऐतिहासिक संयुक्त घोषणापत्रमा हस्ताक्षर गर्दै, वार्षिक रक्षा मन्त्रीहरूको संवादलाई संस्थागत स्वरूप प्रदान गर्नुभयो र एकीकृत समुद्री सुरक्षा सहयोग रोडम्याप पनि शुरु गर्नुभयो।

ऊर्जा सुरक्षाको लागि एक ठूलो सफलतामा, भारतलाई दीर्घकालीन अष्ट्रेलियाली युरेनियम आपूर्तिको लागि मार्ग प्रशस्त गर्न एक महत्वपूर्ण सम्झौतामा हस्ताक्षर गरिएको थियो, जसले भारतको स्वच्छ ऊर्जा उद्देश्यहरूमा ठूलो बल पुऱ्याउँछ ।

एक ठुलो आर्थिक सफलतामा, आणविक सहयोग सम्झौता अन्तर्गत अन्तिम प्रशासनिक व्यवस्थामा हस्ताक्षरले भारतको स्वच्छ ऊर्जा परिवर्तन यात्रालाई शक्ति प्रदान गर्न दीर्घकालीन अष्ट्रेलियाली युरेनियम निर्यातको मार्ग प्रशस्त हुनेछ ।

**प्रधानमन्त्री मेलबर्न**

प्रधानमन्त्री  नरेन्द्र मोदीले २१ औं शताब्दीको भारत विकसित राष्ट्र बन्ने लक्ष्यतर्फ अघि बढिरहेको बताउनु भएको छ। देशका आकांक्षाहरूलाई जोड दिँदै प्रधानमन्त्रीले आजको भारत बढी विकास र अधिक उपलब्धिहरू प्राप्त गर्नमा विश्वास राख्छ भन्नुभयो।

आस्ट्रेलियाको मेलबर्नमा प्रवासी भारतीय समुदायको एक कार्यक्रमलाई सम्बोधन गर्दै श्री मोदीले सिड्नीमा प्रवासी भारतीयहरूसँगको भेटको सम्झना गर्दै मेलबर्नका मानिसहरूसँग पनि आफु अंतर्क्रिया गर्न उत्सुक थिए भन्नुभयो।

अष्ट्रेलियाका प्रधानमन्त्री एन्थोनी अल्बानीले आफ्नो न्यानोपन र सद्भावना मार्फत भारतीय समुदायको मन जितेका छन्, श्री मोदीले भन्नुभयो।

भेलालाई सम्बोधन ग्रदै अष्ट्रेलियाका प्रधानमन्त्रीले कार्यक्रममा देखिएको ऊर्जाले अष्ट्रेलिया – भारत साझेदारीको दरिलोपनलाई प्रतिबिम्बित गर्दछ भन्नुभयो।

बाह्र वर्षमा अष्ट्रेलियाको आफ्नो तेस्रो भ्रमणको साथ कूटनीतिक "ह्याट्रिक" पूरा गर्दै, प्रधानमन्त्रीले त्यहाँ रहेका जीवन्त, दश लाख-बलियो आबादी भएको भारतीय समुदायलाई द्विपक्षीय मित्रताको आधारभूत स्तम्भको रूपमा प्रशंसा गर्नु भयो। उहाँले अधिक विकास, अधिक उपलब्धि मन्त्रद्वारा संचालित भविष्यको लागि तयार, विकसित भारतको लागि एक शक्तिशाली रोडम्याप रूपरेखा प्रस्तुत गर्नुभयो ।

2022 आर्थिक सहयोग तथा व्यापार सम्झौताको सफलतामा निर्माण गर्दै, दुई राष्ट्रहरूले द्विपक्षीय लगानी सन्धिसँगै सन्तुलित, महत्वाकांक्षी र पारस्परिक रूपमा लाभदायक व्यापक आर्थिक सहयोग सम्झौता (CECA) लाई द्रुत गतिमा कार्यान्वयन गर्न प्रतिबद्ध भएका छन्।

**ओडिशा- उपराष्ट्रपति**

उपराष्ट्रपति सीपी राधाकृष्णनले आज भुवनेश्वरस्थित ओडिशा कृषि तथा प्रविधि विश्वविद्यालयमा भारतको उच्च- समुद्री मत्स्यपालन स्रोतहरूको दिगो उपयोगको लागि एक महत्वपूर्ण राष्ट्रीय मिशनको शुभारंभ गर्नुभयो। नीलो अर्थव्यवस्थालाई राष्ट्रिय समृद्धिको

रूपान्तरणकारी इन्जिन भन्दै उहाँले युवाहरूलाई  आधुनिक प्रविधि- संचालित मत्स्य पालन र समुद्री पेशाहरूलाई विकसित भारत को आधारशिलाको रूपमा अपनाउन आग्रह गर्नुभयो।

## दक्षिण –पश्चिम मनसुन

दक्षिण –पश्चिम मनसुन आज सम्पूर्ण देशमा  सक्रिय भएको छ। राजस्थान, हरियाणा, पञ्जाब र उत्तरी अरब सागरका बाँकी भागहरूमा पनि मनसुन अगाडि बढेको ।  आकाशवाणी समाचारसँग विशेष  कुराकानी गर्दै आईएमडी का विरष्ठ वैज्ञानिक डा. नरेश कुमारले भने कि पछिल्ला केही दिनहरूमा दिल्ली राष्ट्रीय राजधानी क्षेत्र, उत्तर प्रदेश र  उत्तराखंडमा मध्यम देकि भारी वर्षा जारी छ।

## मिजोरम पहिरो

मिजोरममा, पहिरोले सडक सम्पर्क बिच्छेद गरेपछि अलपत्र परेका सयौं यात्रुहरूलाई सहयोग गर्न बुआल्टे गाउँका बासिन्दाहरू एकसाथ आएका छन् । गाउँलेहरूले हिजो साँझ करिब २२० अलपत्र परेका व्यक्तिहरूको लागि खानाको व्यवस्था गरेका छन्, जसले गर्दा जारी अवरोधको बीचमा आवश्यक राहत प्रदान गरिएको छ । नदीको बहाव जारी रहँदा अधिकारीहरूले नदी किनारका बासिन्दाहरूलाई सतर्क रहन र आवश्यक परेमा अन्यत्र जान तयार रहन सल्लाह दिएका छन्। नदीको जलग्रहण क्षेत्रमा भारी वर्षा जारी रहँदा, रातभरि पानीको सतह बढ्ने अनुमान गरिएको छ।

## भारत अफगानिस्तान

भारत र अफगानिस्तानले आज मानवीय सहायता, विकास साझेदारी, खाद्य सुरक्षा, स्वास्थ्य सेवा, क्षमता निर्माण, शिक्षा, खेलकुद, व्यापार, भिसा र कनेक्टिभिटी जस्ता क्षेत्रमा सहयोग सहित द्विपक्षीय सम्बन्धको सम्पूरण परिदृश्यको समीक्षा गरे। भारत –अफगानिस्तान संयुक्त समितिको चौथो चरणको बैठक आज नयाँ दिल्लीमा सम्पन्न भयो।

## टी- ट्वेंटी क्रिकेट

भारत र इंग्लैड बीच पाँच टी- ट्वेंटी क्रिकेट मैच श्रृंखलाको चौथो मुकाबिला आज ब्रिस्टलमा खेलिने छ। खेल भारतीय समय अनुसार राति १० बजे शुरूहुनेछ। इंग्लैंड, श्रृंखलामा अहिले दुइ- शुन्यले अघाडी भएको हुनाले श्रृंखलामा कायम रहन, भारत लाई यो मैच जित्नै पर्नेछ। यस अघि तेस्रो मैचमा, इंग्लैंडले भारतलाई १२५ रनले पराजित गरेको थियो।

फिफा-क्वार्टर-फाइनल

फिफा विश्वकपमा, फ्रान्सले आज बोस्टनमा अबेर राति १.३० बजे हुने पहिलो क्वार्टरफाइनलमा मोरक्कोको सामना गर्नेछ। भोलि राति दोस्रो क्वार्टरफाइनल खेलमा स्पेनले बेल्जियमको सामना गर्नेछ। बाँकी क्वार्टरफाइनल खेलहरूमा, नर्वेले इङ्गल्याण्डको सामना गर्नेछ भने, डिफेन्डिङ च्याम्पियन अर्जेन्टिनाले आइतबार बिहान स्विट्जरल्याण्डको सामना गर्नेछ ।

चेस – ९८ औं ग्रान्डमास्टर

कन्याकुमारीका १७ वर्षीय अश्वय एस. २०२६ को पुणे अन्तर्राष्ट्रिय ग्रान्डमास्टर नॉर्म प्राप्त गरेपछि देशको अन्ठाउनब्बेऔं ग्रान्डमास्टर बनेका छन्।

1. प्रधानमन्त्री नरेन्द्र मोदी र अस्ट्रेलियाका प्रधानमन्त्री एन्थोनी अल्बानीजले आज मेलबर्नमा तेस्रो / अस्ट्रेलिया-भारत वार्षिक शिखर सम्मेलनमा भाग लिनुभयो। जसको क्रममा दुवै नेताहरुले द्विपक्षीय सम्बन्धलाई सुदृढ पार्ने उद्देश्यले प्रतिनिधिमण्डल-स्तरीय वार्ता गर्नुभयो।

2. उपराष्ट्रपति सीपी राधाकृष्णनले आज भुवनेश्वरस्थित ओडिशा कृषि तथा प्रविधि विश्वविद्यालयमा भारतको उच्च-समुद्री मत्स्यपालन स्रोतहरूको दिगो उपयोगको लागि एक महत्वपूर्ण राष्ट्रीय मिशनको शुभारंभ गर्नुभयो।

3. दक्षिण-पश्चिम मनसुन आज सम्पूर्ण देशमा सक्रिय भएको छ। राजस्थान, हरियाणा, पञ्जाब र उत्तरी अरब सागरका बाँकी भागहरूमा पनि मनसुन अगाडि बढेको छ।

4. भारत र इंगलैंड बीच पांच T-20 क्रिकेट मैच श्रृंखलाको चौथो मुकाबिला आज ब्रिस्टलमा खेलिने छ। भारतीय समय अनुसार Match राति 10 बजे शुरु हुनेछ । र

5. फिफा विश्वकपमा, फ्रान्सले आज बोस्टनमा अबेर राति हुने पहिलो क्वार्टरफाइनलमा मोरक्कोको सामना गर्नेछ। भोलि राति दोस्रो क्वार्टरफाइनल खेलमा स्पेनले बेल्जियमको सामना गर्नेछ ।